**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २० जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. कोलकाताको सियालदह अदालतले आरजी कार मेडिकल कलेज एव अस्पतालमा भएको बलात्कार र जघन्य हत्याको दोषी सञ्जय रायलाई दोषी ठहराउदै आजीवन कारावास सगै पचास हजारको जरिमाना लगाएको छ।

२. गणतन्त्र दिवसलाई मध्यनजर गर्दै राष्ट्रिय राजधानी दिल्लीमा व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ।

३. मुख्यमन्त्री ममता बनर्जीले गंगा नदीको कटानको समस्यालाई लिएर मुर्शिदाबाद जिल्लाका लागि ४०० करोड आवंटन गर्ने घोषणा गर्नुभएको छ।

४. खरसाङ नगरपालिका क्षेत्रमा हाउजिङ फर अल योजनाको लाभार्थीहरुलाई लिएर आज प्रशासनिक तौरमा सभा सम्पन्न भएको छ।

**र**

५. दार्जीलिङ शहरको पार्किंग समस्यालाई समाधान गर्न गोर्खाल्याण्ड क्षेत्रिय प्रसाशनले दार्जीलिङ चौक बजारमा बृहत कार पार्किंग निर्माण गर्ने भएको छ।

**पश्चिम बंगाल आरजीकर मेडिकल कॉलेज**

**प**श्चिम बंगालको आरजी कर मेडिकल कलेज र अस्पतालको डाक्टरसित दुष्कर्म र हत्या मामिलामा दोषी संजय रोयलाई सियालदह अदालतले आजीवन कारावासको सजाय सगै पचास हजारको जरिमाना लगाएको छ। यसका साथै अदालतले पश्चिम बंगाल सरकारलाई पीड़ित परिवारलाई 17 लाख रूपियाँको आर्थिक मद्दत दिने निर्देश दियो। यद्यपि, पीड़िताका परिवारले आर्थिक सहायता लिन अस्वीकार गरेका छन्।
यसैबीच मुख्यमन्त्री ममता ब्यानर्जीले यस फसेलामा प्रतिक्रिया दिंदै भन्नुभयो , हामीले पहिलो दिनदेखि दोषीलाई फांसी दिने माग गरेका थियौं र आज पनि यसमा कायम छौं। यदि यो मामिला हाम्रो हातमा भएको भए हामीले अगावै यसलाई टुङ्गो लगाइसक्ने थियौं। अर्कोतिर दोषी संजय रोयले अदालतमा आफूलाई निर्दोष बताउँदै झूठो आरोपहरूमा फंसाइएको बताएको छ।

****** ० ******

**गणतंत्र समारोह सुरक्षा**

गणतन्त्र दिवसलाई मध्यनजर गर्दै राष्ट्रिय राजधानी दिल्लीमा व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। शहरमा हैंग ग्लाइडर्स, मानवरहित हवाई वाहन ड्रोन लगायतलाई प्रतिबन्ध लगाइएको छ, जुन अर्को महिनाको १ तारिखसम्म जारी रहनेछ। दिल्ली पुलिस अनुसार आदेशको उल्लङ्घन गर्नेलाई भारतीय न्यायिक संहिताअन्तर्गत कारबाही गरिने जनाएको छ।

****** ० ******

**मुख्यमंत्री**

मुख्यमन्त्री ममता बनर्जीले गंगा नदीको कटानको समस्यालाई लिएर केन्द्र सरकारको आलोचना गर्दै मुर्शिदाबाद जिल्लाका लागि ४०० करोड आवंटन गर्ने घोषणा गर्नुभएको छ। मुर्शिदाबादको लालबागस्थित नवाबबहादुर इन्स्टिच्युटमा आयोजित प्रशासनिक सेवा कार्यक्रममा उहाँले सो घोषणा गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभयो मुर्शिदाबादका जनता हरेक वर्ष गङ्गा कटानबाट प्रभावित हुने गर्दछन। धेरै घरहरु पानीले बगाएको छ । यो लामो समयदेखिको समस्या हो ।यसको निम्ति राज्य सरकारले धेरै पटक केन्द्रसँग रकम माग गरेको थियो, तर बङ्गाललाई हरेक पटक बेवास्ता गरिएको छ । त्यसैले अब यो काम राज्य सरकारले नै गर्नेछ । यसका साथै मुख्यमन्त्री २०२३ मा मनरेगा कोषको विषयलाई लिएर तृणमूल नेताहरूले दिल्लीमा गरेको प्रदर्शनको पनि उल्लेख गर्दै भन्नुभयो । 'जब हाम्रा प्रतिनिधिहरू केन्द्र सरकारलाई भेट्न गए, केन्द्रीय मन्त्री साध्वी निरञ्जन ज्योतिले उनीहरूलाई नियुक्ति दिए पनि बेवास्ता गरे। हाम्रा नेताहरूलाई पुलिसले जबर्जस्ती बाहिर निकाल्यो, तर उनीहरूमाथि कुनै कारबाही भएन ।

****** ० ******

## हाउजिङ फर अल

खरसाङ नगरपालिका क्षेत्रमा हाउजिङ फर अल योजनाको लाभार्थीहरुलाई लिएर आज खरसाङमा खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सरकारी तौरमा सभा सम्पन्न भएको छ। सभामा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा, कार्यकारी निर्देशक सामदेन डुक्पा, खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक, खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङ, भाइस चेयरम्यान सुवास प्रधान, डेपुटी म्याजिस्ट्रेट लाडेन लेप्चा, खरसाङ नगरपालिकाको ईओ कैलाश पाण्डे, एफओ पासाङ याङ्जी शेर्पा, सभासद श्याम शेर्पा लगायत 20 वटा वार्डका लाभार्थीहरु उपस्थित रहेका थिए। सभामा कार्यकारी निर्देशक सामदेन डुक्पाले सरकारी नियम रहेको र कतिपय तक्निकी कारणले गर्दा ढिलाई भएको हुन सक्ने जानकारी गराउँदै जीटीए र खरसाङ नगरपालिकाको संयुक्त पहलमा यो कार्य गरिने जानकारी गराउनु भयो भने खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङले हाउजिङ फर अल योजनाको लाभार्थीहरुले कुन कुन सालमा कति कति पैसा पाए सम्पूर्ण विवरणहरु विषयमा जानकारी गराउनु भयो । सभामा खरसाङका 20 वटा वार्डका सम्पूर्ण लाभार्थी उपस्थित थिए। जीटीए मुख्य कार्यपाल अनित थापाले लाभार्थीहरूको गुनासो जायज भएको ठहराउँदै योजनाको बाँकी पैसा नपाएको पाउनु पर्ने धारणा पोख्नु भयो। यसका साथै श्री थापाले लाभार्थीहरूले पनि सही कुरा सही ठाउँमा लगेर जानु पर्ने बताउदै लाभार्थीहरुले यस बिषयमाथि राजनीति गर्नु नहुने बताउनु भयो। उहाँले भन्नुभयो, मिडियामा बोल्नु अघि मेरोमा आएको भए हुनेथ्यो। मिडियामा बोल्दैमा सबै कुराको समाधान हुँदैन।

## शहीद दिवस

महकुमा सूचना एंव सांस्कृतिक कार्यलय खर्साङ महकुमाले 30 जनवरीको दिन अल फेथ प्रेयर मिटिङको आयोजन गर्दै शहीद दिवस पालन गर्ने भएको छ। कार्यक्रम सूचना अनि सांस्कृतिक कार्यलयमा हुने निश्चित भएको छ। यस दिवस महात्मा गान्धीको पुण्यतिथीको रुपमा पालन गरिने गरिन्छ। 30 जनवरी, 1948 मा महात्मा गांधीको हत्या भएको थियो।

## कार पार्किंग

दार्जीलिङ शहरको पार्किंग समस्यालाई समाधान गर्न गोर्खाल्याण्ड क्षेत्रिय प्रसाशनले दार्जीलिङ चौक बजारमा बृहत कार पार्किंग निर्माण गर्ने भएको छ । जसको निम्ति आज बाट सर्वेक्षण शुरू गरिएको छ। जी टी ए का उपाध्यक्ष राजेश चौहानले आज यस विषय जानकारी गराउँदै चौक बजारमा 4 तल्ले विशाल भवन निर्माण गरिने जहाँ 2 तल्ला पार्किंग हुने अनि 1 तल्लामा त्यहाँका व्यवसायीहरुको निम्ति दोकान उपलब्ध गराइने साथै अन्य 1 तल्ला मा समुदियक भवन अनि स्वयम सहायता समुहको निम्ति प्रदान गरिने बताउनु भयो। यसका साथै आज बिहानैबाट यसको सर्वेक्षणको कार्य शुरू भएको तथा चौक बजारका व्यवसायि संगठनहरु संग पनि छलफल भइसकेको समेत चौहानले बताउनु भयो ।

****** ० ******

## मिरिक महोत्सव

मिरिक नगरपालिकाको आयोजनामा अनि गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनको सहयोगमा आगामी 25 देखि 27 जनवरी मिरिकको सहमेन्दु झिल परिसरमा मिरिक महोत्सव हुने भएको छ। महोत्सवमा सांगीतिक, सांस्कृतिक, साहित्यिकसहित चित्रकारिता फेसन शो लगायत विविध कार्यक्रमहरु राखिएको छ। नेपालका चिरपरिचित सांगीतिक समुह कबवेब अनि कुटुम्बले यस महोत्सवमा प्रस्तुति दिने भएको छ भने साहित्यतिर कवि एंव सिनेमा निर्देशक उपेन्द्र सुब्बा अथिति कविको रुपमा उपस्थित रहने निश्चित भएको छ। यसका साथै फरक शैलीमा कविता पस्कने कवि पल्लवीले पनि आफ्नो कविता सुनाउने छन। यस महोत्सवको माध्यमवाट समग्र मिरिकको पर्यटनलाई प्रोत्साहित गर्न खोजिएको मन्तव्य मिरिक नगरपालिका अध्यक्ष एलबी राईले दिनु भएको छ। महोत्सवमा पुस्तक प्रदर्शनी एवं विक्रीको लागि स्टलहरु हाम्रो किताब घर अनि साहित्य सुनौँ परिवारबाट राखिने भएको छ।महोत्सवमा पाठकहरुले पुस्तक पनि सङ्ग्रह गर्नसक्ने छन्।

****** ० ******

## चिया श्रमिक

जोइण्ट फोरम पहाड़ समितिका प्रवक्ता तथा क्रामाकमा श्रमिक सङ्गठन महासचिव सुनिल राईले चिया श्रमिकहरूले पाउनुपर्ने रहल ४ प्रतिशत बोनसको फसेला चाँडै नदिए बर्षको पहिलो चियापती बिक्री रोक्ने चेताउनी दिनुभएको छ। गत बर्षको पुजा बोनसको रहल 4 प्रतिशत अझसम्म पहाडका धेरजसो बगानहरुमा बितरण भएको छैन। रहल बोनसलाई लिएर गत ६ नोभेम्बरको दिन कलकत्तामा बैठक भएको मियो भने पछिबाट १६ नोभेम्बरको दिन अर्को बैठक सिलगढ़ीमा भएको थियो। तर ती दुईवटा बैठकमा पनि रहल ४ प्रतिशत बोनसको कुरा निमिलेपछि राज्य सरकार पक्षले रहल बोनसको निम्ति अर्को त्रिपक्षीय वार्ता बोलाउने आश्वाशन दिएको थियो। तर महीनौ दिन बितिसक्दा पनि श्रमिक सङ्गठनहरूलाई रहल बोनस वार्ताको निम्ति बोलाइएको नहुँदा श्रमिक सङ्गठनका प्रतिनिधिहरू क्रोधित बनिरहेका छन्। यस्तोमा राईले पहाडमा बन्द अवस्थामा रहेका बगानहरु खोलिनु पर्नेमा पनि जोड दिए।

****** ० ******

## फोर वान गोर्खा राइफल्स

दार्जिलिङको प्रशिद्द पर्यटक स्थल जामुनेमा भुतपुर्व सैनिकहरुले फोर वान गोर्खा राइफल्सको 62 औ स्थापना दिवस भव्य रूपमा पालन गरेका छन । कायर हुनु भन्दा मर्नु राम्रो भन्ने स्लोगानको साथमा निङमा शेर्पाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथी अनेरी कप्तान युतकुमार राई थिए भने विशिष्ट अतिथीहरु जीवन थापा, रुपेश गुरुङ, धीरज राई, श्याम कुमार थापा आदि उपस्थित थिए भने कार्यक्रममा  दार्जीलिङ,खरसाङ,मिरिक,कालेबुङ,सिलगढी,तराई, डूवर्स लगायतको क्षेत्रबाट अधिक संख्यामा भूतपूर्व सैनिक परिवारहरु उपस्थित रहेका थिए।

****** ० ******

## शहीद गोल्ड कप

खरसाङको चानमारीमा आयोजित शहीद कप फूटबल प्रतियोगितामा आज भएको म्याचमा दार्जीलिङ पुलिसले सिलीगुड़ी युनाईटेड फूटबल क्लबलाई २-० गोलले पराजित गरेको छ। खरसाङ गोर्खा पार्वतीय खेलकूद संघ सहयोगी जीटीएद्वारा वर्षेनी नै शहीद कप फूटबलको आयोजना गरिन्छ। आज खेलिएको म्याचमा श्रेष्ठ खेलाड़ी दार्जीलिङ पुलिसका आशिष देवान घोषित गरियो। भोलि अपरान्ह २ बजेदेखि हिल्स फूटबल एकाडेमी अनि यूनाइटेड घुम्ती एफ.सी महानदी बीच म्याच खेलिनेछ।

****** ० ******

## जीटीए आइडल

जिटिएको ३४  नम्बर समष्टिमा जीटीए आइडलको अडिसन आगामी २२ फरवरी २०२५ को दिन हुने भएको छ। । यस अडिसन समष्टि सभासद् विकास राईको नेतृत्वमा कालेबुङको टाउन हलमा सम्पन्न हुने भएको छ।

****** ० ******